मधेश प्रदेश सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## जनकपुरधाम, धनुषा, नेपाल

---

<u>कर्मचारी सरुवाको लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना</u>

सूचना प्रकाशन मितिः २०८३/०५/०५

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५ को उपदफा (३) बमोजिम तोकिएको न्यूनतम सेवा अवधि पूरा भएका यस स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकायहरूमा कार्यरत अधिकृत आठौं तह वा सोभन्दा मुनिका प्रदेश निजामती सेवाका कर्मचारीहरूका लागि नियमित सरुवा प्रक्रिया अगाडि बढाइएको छ। नियमानुसार सरुवा हुन इच्छुक र योग्यता पुगेका कर्मचारीहरूले यसै सूचनासाथ संलग्न सरुवा निवेदनको ढाँचा बमोजिम देहायका कागजातहरू संलग्न गरी मिति २०८३ साल भदौ २५ गतेभित्र यस मन्त्रालयमा वा मन्त्रालयको आधिकारिक इमेल mohp.madhesprovince@gmail.com मार्फत निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू (तपसिल):</u>

१. हाल कार्यरत रहेको निकाय/कार्यालयमा पदस्थापन, सरुवा, कामकाज वा काजमा खटाइएको पत्रको प्रमाणित प्रतिलिपि।

२. सरुवा भई जान चाहेको कम्तीमा ३ (तीन) वटा निकाय/कार्यालयहरूको प्राथमिकता क्रम।

३. अद्यावधिक गरिएको वैयक्तिक विवरण (PIS) प्रतिवेदन।

४. अन्य प्रमाणः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५(३) बमोजिम सरुवाका लागि आवश्यक तोकिएको अवधि पूरा भएको पुष्टि हुने अन्य सम्वन्धित प्रमाण/कागजातहरू।

नोटः मिति २०८३ भदौ २५ गते कार्यालय समय पश्चात् प्राप्त हुन आएका वा आवश्यक कागजात/रीत नपुगेका निवेदनहरूमाथि मन्त्रालय सुनुवाइ गर्न बाध्य नहुने साथै निवेदन प्राप्त नभएको खण्डमा समेत ऐन तथा नियमावली बमोजिम मन्त्रालयलाई नियमित सरुवा प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन।